<u>बैठक संख्या: ८०</u>

आज मिति २०८३ साल असार ०९ गते मङ्गलबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभ लक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २२ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री उर्मिला काफ्ले | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

-:: छलफलका विषयहरू ::-

१) बनेपा नगरपालिकाको १८ औं नगरसभाका लागि प्रस्तावित नीति, योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा।

२) बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८३ सम्बन्धमा

३) बनेपा नगरपालिकाको विनियोजन विधेयक, २०८३ सम्बन्धमा

४) बनेपा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३ सम्बन्धमा

-:: निर्णयहरू ::-

गत बैठकबाट भएका निर्णयहरूको प्रगति समीक्षा गरियो ।

निर्णय नं:१ .

आगामी आ .व.२०८३/०८४ का लागि कार्यपालिका बैठकसमक्ष प्रस्तावित नीति तथा कार्यक्रमहरु स्वीकृत गरी अनुमोदनका लागि नगरसभाको १८ औं अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं:२ .

बनेपा नगरपालिकाको राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई पेश हुन आएको कर तथा गैरकर राजस्वका श्रोत तथा दररेट समावेश भएको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८३ स्वीकृत गरी उप प्रमुख विमला सापकोटा दाहालज्यूबाट नगरसभाको १८ औं अधिवेशमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं:३ .

बनेपा नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट निर्णय भई पेश हुन आएको बनेपा नगरपालिकाको आगामी आ .व.२०८३/ ०८४ का लागि **कूल रू .१ अर्ब २१ करोड ३ लाख ४६ हजार ३ सय ८५ रूपैयाँ** आयव्यय भएको बजेट- सिलिङका आधारमा बजेट तथा कार्यक्रम तर्जूमा समितिबाट सिफारिस भई पेश हुन आएको विनियोजन विधेयक, २०८३ स्वीकृत गरी उप प्रमुख विमला सापकोटा दाहालज्यूबाट नगरसभाको- १८ औं अधिवेशनमा टेवल गर्ने निर्णय गरियो ।

निर्णय नं:४ .

मिति २०८३ साल असार ४ गते बिहिबार बनेपा नगरपालिका विधायन समिति बैठकद्वारा सिफारिस बनेपा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३ अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं:५ .
राजस्व परामर्श समितिको मिति २०८३।०२।२७ गतेको बैठकबाट सिफारिस भै आएको तपसिल बमोजिमको निर्णय उपर छलफल गरियो ।

तपसिलः

क. बनेपा नगरपालिका र ठेकेदारबीच भई कार्यान्वयनमा रहेका विभिन्न मितिमा सम्झौता तपसिल बमोजिमका आय ठेक्काको सम्बन्धमा ठेकेदारको तर्फबाट नगरपालिकामा हालसम्म बुझाउन बाँकी रहेको ठेक्का बापतको रकम उपर छलफल गरी पछिल्ला बैठकहरुबाट आवश्यक निर्णय गर्ने।

| क. .सं | आय ठेक्काको नाम | ठेकेदार को नाम | सम्झौता मिति | सम्झौता अवधि | २०८३ जेठ सम्म बुझाउनु पर्ने रकम | २०८३ जेठ सम्म बुझाएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| .1 | पुरानो सपिङ कम्प्लेक्सको पूर्व र पश्चिमतर्फको शौचालयसँगैको १-१ सटरबाहेकका सबै /सटरकोठा तथा भऱ्याङ मुनीका भाग समेतमा बहाल उठाउने | रोहित श्रेष्ठ बनेपा-८ | २०७९।८।२६ कार्यदिशः २०७९।१०।०१ | २०८३।९।३० सम्म | २,८६,६१,३५०.२ | १,६५,८७,०६६/- | बैंक ग्यारेन्टीको अवधि मिति २०२३ डिसेम्बर ११ तारिकमा समाप्त भएको । |
| .2 | बनेपा न.पा.-८, बसपार्क क्षेत्रभित्र रहेको साविकको ६ नं. वडा कार्यालय भवनको पछाडीको कोठा खाली गराउने गरी पूर्वतर्फको सटर | रोहित श्रेष्ठ बनेपा८- | 2079।10।17 कार्यदिशः २०७९।११।२३ | २०८३।११।२२ सम्म | १०,४५,२००/- | १-८७५।,75, | बैंक ग्यारेन्टीको अवधि मिति २०२३ अक्टोबर २ तारिकमा समाप्त भएको । |
| .3 | नयाँ सपिङ कम्प्लेक्सको को (पश्चिमतर्फ) पश्चिमतर्फको १ सटरबाहेक सबै कोठा तथा /सटर भऱ्याङमुनीका भाग समेतमा बहाल उठाउने | मनिषा बडाल मंगलटा र५- | २०७९।१०।१७ कार्यदिशः २०७९।११।२३ | २०८३।११।२२ सम्म | ७३,७९,९९१/- | ३२,७९,९९७/- | बैंक ग्यारेन्टीको अवधि मिति २०२३ अक्टोबर २ तारिकमा समाप्त भएको । |
| .4 | बनेपा न.पा.-८, बसपार्क क्षेत्रभित्र रहेको ग्यारेज भवनमा बहाल उठाउने | दोर्जे ह्युल्सा जेभी प्रो . पुष्पलाल तामाङ , तेमाल -४ | २०७९।८।२३ कार्यदिशः २०७९।९।२९ | २०८३।९।२८ सम्म | ४३,१७,४३९.७ | ५,०५,५५५/- | मिति २०८३ पौष २९ सम्मको रु12,12,332./- बराबरको बैंक ग्यारेन्टी रहेको |

प्रमुख प्रशासकीय अधिकृत

ख. बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा न.पा.-८, बसपार्कमा रहेको पूरानो सपिङ कम्प्लेक्सको पूर्व र पश्चिमतर्फ रहेको १/१ वटा र नयाँ सपिङ कम्प्लेक्सको पूर्वतर्फको १ वटा गरी जम्मा तीनवटा शौचालय शुल्क असूली गर्ने ठेक्काको म्याद २०८३ असार मसान्तमा समाप्त हुने भएकोले उल्लेखित ठेक्का आ.व. २०८२।०८३ को लागि शौचालय शुल्कको दर नगरसभाबाट पारित भएपश्चात आय ठेक्का सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

ग. बनेपा नगरपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्ने ठेक्काको सम्झौता अवधि मिति २०८३ असार मसान्तमा समाप्त हुने भएकोले उल्लेखित आय ठेक्का आ.व. २०८३।०८४ को लागि विज्ञापन करको दर नगरसभाबाट पारित भएपश्चात आय ठेक्का सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

घ. बनेपा नगरपालिका वडा नं. १३ मा रहेको फुटसल तथा जिम भवनको वार्षिक रु.६,००,०००।- (छ लाख मात्र) न्यूनतम कबोल अंक निर्धारण गर्ने र सोको उपयोग गरे बापतको सेवा शुल्क आर्थिक ऐन, २०८३ मा व्यवस्था गर्न प्रस्ताव गर्ने तथा उक्त भवनको मर्मत तथा सम्भार, विद्युत, खानेपानी लगायतका अन्य सबै प्रकारका व्यवस्थापन बहालमा लिने पक्षले व्यहोर्ने शर्तमा बहालमा दिन सिफारिस गर्ने ।

ङ. बनेपा नगरपालिका वडा नं. ८ मा रहेको बसपार्कमा पार्किङ शुल्क संकलनको कार्य नगर प्रहरीबाट भईरहेकोमा आ.व. २०८३।०८४ को लागि पार्किङ शुल्क संकलन गर्नको लागि पार्किङ शुल्कको दर नगरसभाबाट पारित भएपश्चात आय ठेक्का सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

च. बनेपा नगरपालिकाले मिति २०८२।१२।१७ मा आह्वान गरेको जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन सम्बन्धी ठेक्का प्रक्रियाको हालको अवस्थाको सम्बन्धमा छलफल गरियो ।

छ. मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा आगजनी भई यस बनेपा नगरपालिकाको राजस्व शाखाबाट सेफ डिपोजिट मनि लकर सहित नगद रकम चोरी समेत भएको घटना र सो सम्बन्धमा भएको प्रहरी मुचुल्का समेतका आधारमा विस्तृत छलफल गरियो । उक्त चोरी भएको रकम मध्ये बैंक दाखिला गर्न बाँकी रहेको कुल रु. २,२९,१९८.३९ (अक्षरुपी दुई लाख उनन्तीस हजार एक सय अन्ठानब्बे रुपैयाँ उनान्चालिस पैसा मात्र) राजस्व खातामा दाखिला गर्न कानुनी तथा प्रशासनिक रूपमा अनिवार्य देखिएको हुँदा इलाका प्रहरी कार्यालयबाट तयार भएको घटना स्थल मुचुल्का तथा प्रतिवेदनलाई मुख्य आधार मानी उक्त रकम चालु आर्थिक वर्ष २०८२/०८३ को "राजस्व तथा राजस्व परिचालन" शीर्षकमा विनियोजित कुल रु. २०,००,०००।- (बीस लाख रुपैयाँ) मध्येबाट भुक्तानी गरी राजस्व खातामा दाखिला गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

ज. बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा-८, बसापार्कमा रहेको नयाँ सपिङ कम्प्लेक्स(पूर्वतर्फ)को बहाल रकम संकलन गर्नको लागि साविककै कबोल अंक कायम गरी ठेक्का आह्वान गर्दा कुनैपनि बोलत्रप पेश हुन नआएकोले अर्को ठेक्का बन्दोबस्त नहुँदा सम्म सम्बन्धित बहालमा बसेका व्यवसायीहरुसँग छुट्टाछुट्टै सम्झौता गरी बहाल रकम असूल भईरहेकोमा अर्को निर्णय नहुँदासम्मको लागि सोही प्रक्रियाबाट सम्बन्धित व्यवसायीसँग बहाल सम्झौता गरी बहाल रकम असूल गर्ने कार्यलाई निरन्तरता दिने ।

निर्णय नं .६ः
बनेपा नगरपालिका वडा नं १० वडा समितिमा निर्णय भई पेश हुन आएको देहाय बमोजिम बाटोहरुको मापदण्ड र नामाकरण सम्बन्धी प्रस्ताव स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

| क्र.सं | बाटोको नाम | बाटोको मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | महादेवस्थान सहायक मार्ग (क) | ४ मिटर | |
| २ | महादेवस्थान सहायक मार्ग (ख) | ४ मिटर | |
| ३ | महादेवस्थान थापा गोठ मार्ग | ६ मिटर | |
| ४ | मोडल मार्ग | ४ मिटर | |

निर्णय नं .७ः
बनेपा नगरपालिका वडा नं ९ वडा समितिमा निर्णय भई पेश हुन आएको वडा नं. ४ र वडा नं. ९को सिमानामा रहेको जलुकी खोल्सीको दाँया किनाराको लामागाँउदेखि करूणा मार्गमा रहेको शहीद गेट सम्मको मापदण्ड उक्त खोल्सीको किनाराको भागदेखि ४ मिटर रहने ।

निर्णय नं. ८
शिक्षा ऐन, २०२८ तथा बनेपा नगरपालिका विद्यालय शिक्षा ऐन २०८२ को परिच्छेद ५ उपदफा१ को व्यवस्था बमोजिम देहाय बमोजिम विद्यालयमा देहाय बमोजिम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तोक्ने।

| क्र.स. | विद्यालयको नाम | विद्यालय व्यवस्थापन समिति अध्यक्ष | कैफियत |
|---|---|---|---|
| .1 | श्री जनज्योति माध्यमिक विद्यालय बनेपा-१० | श्री चन्द्रबहादुर खड्का | |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं .९:

बनेपा नगरपालिका नगर शिक्षा समितिको २०८३ असार ८ गतेको बैठकमा छलफल भई पेश हुन आएका देहाय बमोजिमका प्रस्तावहरु स्वीकृत गर्ने ।

देहाय:

क. विद्यार्थी संख्या कम भएको महांकाल आधारभूत विद्यालय बनेपा-१ लाई हाललाई स्थगन गर्ने।

ख. श्री महाँकाल आधारभूत विद्यालय बनेपा १ मा कार्यरत प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षक श्री शोभादेवी विष्टलाई र सोही विद्यालयमा प्राथमिक तह राहत दरवन्दीमा कार्यरत शिक्षक श्री उमा कार्कीलाई श्री चण्डेश्वरी सृष्टिकान्त माध्यमिक विद्यालय बनेपा- ४ मा दरबन्दी सहित सरुवा गर्ने ।

ग. श्री महाँकाल आधारभूत विद्यालय बनेपा १ मा कार्यरत प्राथमिक तह राहत दरवन्दीमा कार्यरत शिक्षक श्री आत्मराम दुलाललाई श्री शिक्षा सदन माध्यमिक विद्यालय बनेपा -८ मा दरवन्दी सहित सरुवा गर्ने ।

घ. श्री महाँकाल आधारभूत विद्यालय बनेपा -१ मा कार्यरत प्रारम्भिक बालविकास शिक्षक श्री सीता दुलाललाई दरवन्दी सहित श्री महेन्द्र माध्यमिक विद्यलया बनेपा -१३ मा सरुवा गर्ने ।

ङ. श्री महाँकाल आधारभूत विद्यालय बनेपा -१ मा कार्यरत विद्यालय सहयोगी श्री लक्ष्मी कुमारी तिमल्सिनालाई श्री अरुणोदय आधारभूत विद्यालय बनेपा -३ मा दरवन्दी सहित सरुवा गर्ने ।

च. श्री देवीटार आधारभूत विद्यालय बनेपा ३ मा कार्यरत प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षक श्री निर्मला सापकोटालाई श्री अरुणोदय आधारभूत विद्यालय बनेपा -३ मा पदसहित सरुवा गर्ने ।

छ. समुदायमा आधारित श्री प्रगति बालविकास केन्द्र बनेपा ८ लाई श्री शिक्षा सदन माध्यमिक विद्यालय बनेपा- ८ मा मातृ विद्यालय कायम गर्ने।

ज. विद्यालय कर्मचारी नभएका माध्यमिक विद्यालयहरु श्री भक्तेश्वर गोसाइकुण्ड मावि बनेपा -६ र श्री प्रभात माध्यमिक विद्यालय बनेपा- ३ मा संघीय सरकारबाट अनुदान प्राप्त नहुँदासम्म बनेपा नगरपालिकाको आन्तरिक स्रोतबाट एक एकवटा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने।

निर्णय नं .१०:

तपसिल बमोजिमका योजना/कार्यक्रहरुलाई तपसिल बमोजिम हुने गरी रकमान्तर गर्ने ।

| क सं | साविक योजना/कार्यक्रमको नाम | रकम रु | रकमान्तरित योजना/कार्यक्रमको नाम | रकम रु |
|---|---|---|---|---|
| १ | AV News TV Network | ४,००,०००/- | विद्यार्थीहरुलाई सामाजिक संजाल तथा इन्टरनेटको | ४,००,०००/- |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | जोखिमबाट जोगाउने सचेतनामुलक कार्यक्रम २०८३ Q.T.V TV Networks Pvt. Ltd. ले संचालन गर्ने | |

निर्णय नं .११:

तपसिल बमोजिम योजनामा विनियोजित रकमबाट बनेपा नगरपालिका वडा नं. ८ को कार्यालयले तपसिल बमोजिम शीर्षकमा गरेको खर्च अनुमोदन गरी भुक्तानी दिने।

| क सं | साविक योजना/कार्यक्रमको नाम | रकम रु | रकमान्तरित योजना/कार्यक्रमको नाम | रकम रु |
|---|---|---|---|---|
| १ | भि आइ पि गल्ली मर्मत | ५०,०००/- | लक्ष्यश्वर भजन घर चिम्नी जडान | ५०,०००/- |

निर्णय नं .१२:

बनेपा नगरपालिका नगरसभाको १८ औं अधिवेशनका लागि तपसिल बमोजिम सभा सञ्चालन तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | कार्यक्रम | समय | कैफियत |
|---|---|---|---|
| १ | नगरसभा सदस्यहरूको उपस्थिति प्रमाणीकरण | ७००:८-५०: | |
| २ | बिहानको चिया खाजा | ८२०:८-००: | |
| ३ | नगरसभा सदस्यहरूको सभाकक्ष प्रवेश | ८२५:८-२०: | |
| ४ | उपप्रमुख, सदस्य सचिव र सभा सदस्यहरूको स्वागत तथा आशन ग्रहण | ८३०:८-२५: | |
| ५ | नगरसभा सदस्यहरुले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी जानकारी | ८३५:८-३०: | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६ | सभाध्यक्ष को सभाकक्षमा प्रवेश र स्वागत (नगर प्रमुख) सहित आशन ग्रहण | ८४०:८-३५: | |
| ७ | राष्ट्रियगान तथा नगरगान | ८४५:८-४०: | |
| ८ | सहिदको सम्झनामा मौनधारण | ८४६:८-४५: | |
| ९ | सभाध्यक्षज्यूबाट दीप प्रजलन गरी सभा प्रारम्भ (मंगल धुन) | ८५०:८-४६: | |
| १० | सदस्य सचिवज्यूबाट सभा संचालनका लागि सभाध्यक्षसमक्ष अनुरोध | ८५०: | |
| ११ | सभाध्यक्षद्वारा नीति तथा कार्यक्रम सभासमक्ष प्रस्तुत | ८००:११-५०: | |
| १२ | नीति तथा कार्यक्रम उपर छलफलमा भाग लिने सभा सदस्यहरूलाई सभाध्यक्षद्वारा समय प्रदान | ११२०:११-००: | |
| १३ | नीति तथा कार्यक्रम उपर छलफलमा सहभागी सभा सदस्यहरूलाई द्वारा उठाएका सवालहरुको उपप्रमुख र सभाध्यक्षबाट सम्बोधन | ११३०:११-२०: | |
| १४ | नीति तथा कार्यक्रम अनुमोदनका लागि सभाध्यक्षद्वारा सभासमक्ष प्रस्ताव पेश | ११३०: | |
| १५ | आ .व.२०८३ ०८४/का लागि प्रस्तावित नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको घोषणा | ११३५: | |
| १६ | सभाध्यक्षद्वारा सभासमक्ष शुन्य समय प्रारम्भ भएको जानकारी (शुन्य समयमा समसामयिक ज्वलन्त विषयमा आफ्नो धारणा राख्न चाहने सदस्यहरूलाई समय प्रदान | ११५०:११-३५: | |
| १७ | शुन्य समयमा उठेका सवालहरूको सभाध्यक्षज्यू र उपप्रमुखज्यूबाट सम्वोधन | ११००:१२-५०: | |
| १८ | बनेपा नगरपालिकाको आ .व.२०८३ ०८४/का लागि प्रस्तावित आर्थिक विधेयक पेश गर्न आदरणीय उपप्रमुखज्यूलाई सभाध्यक्षबाट समय उपलब्ध गराउने । | १२२०:१२ -००: | |
| १९ | बनेपा नगरपालिकाको आ .व.२०८३ ०८४/का लागि प्रस्तावित विनियोजन विधेयक पेश गर्न आदरणीय उपप्रमुखज्यूलाई सभाध्यक्षबाट समय उपलब्ध गराउने । | १२४०:२० १२: | |

प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
...प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २० | बनेपा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक२०८३ पेश गर्न आदरणीय , उपप्रमुखज्यूलाई सभाध्यक्षज्यूबाट समय उपलब्ध गराउने । | १२-४०:१२:५० | |
| २१ | अन्य विविध प्रस्तावहरु भएमा उपप्रमुखज्यूलाई सभा समक्ष टेबुल गर्न सभाध्यक्षज्यूबाट समय उपलब्ध गराउने । | १२:५०-०१:०० | |
| २२ | सभाध्यक्षबाट नगरसभाको १८ औं अधिवेशनको पहिलो बैठक समापन भएको घोषणा र दोस्रो बैठक मिति २०८३ असार गते बार बिहान ८०० बजेः बस्ने जानकारी । | ०१:००-०१:१० | |
| २३ | खाना खाजा कार्यक्रम | ०१:१५-०२:०० | |

निर्णय नं .१३ः

बनेपा नगरपालिका नगरसभाको १८ औं अधिवेशन बस्ने मिति २०८३ असार १० गते बुधबारका दिन बनेपा नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरूमा अत्यावश्यक बाहेक सेवा स्थगन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकाय अधिकृत

बनेपा नगरपालिका
कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक